# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०८।२५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी तथा गलत लिखत तयार गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०८।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता  
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. सुनरपति कुमारी यादव** (वि.अ. को मु.नं. ०७६-CR-०२३२), वि.अ. को फैसला मिति २०८०।०२।२३) | **रकम हिनामिना गरी भ्रष्टाचार गरेको।** | प्रतिवादी सुनरपति कुमारी यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा १२ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई रु.१२,२६,४६९/२६ (बाह्र लाख छब्बीस हजार चार सय उनान्सत्तरी पैसा छब्बीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना भएको रकम प्रतिवादी सुनरपति कुमारी यादवबाट असुल उपर तथा प्रतिवादीले श्रेस्ता कागजातहरु नष्ट गरे बापत ऐनको दफा १२ बमोजिम समेत सजाय हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादी सुनरपति कुमारी यादवलाई आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी गते फैसला भएको।<br>**विशेष अदालतले अनिरुद्र मण्डल लाई सफाई दिदा लिएका आधारः**<br>-दावी गरिएको रु ६,०१,२०९।२६ का सम्बन्धमा आयोगले प्रतिवादीलाई अनुसन्धानको क्रममा खुलाई बयान गराएको देखिँदैन।जुन कुरामा आरोप लगाइन्छ, सो कुरामा केन्द्रित भई कुरा फोरी प्रतिवादीबाट सोधपुछ गरी तथ्य खुलाई बयान गराउनु पर्ने र बयानका क्रममा साविति वा इन्कार के रहन्छ? सो तथ्य पुष्टी गर्ने आधार के कस्तो रहेको भन्ने आधारमा दावी लिईन्छ। जिकिर लिएका प्रमाणले के दर्शाउछ? सो समेतको बिश्लेषण गरी आरोप दावीलाई खम्बिर बनाउनु पर्नेमा सो गर्न सकेको देखिन आएन। प्रतिवादीले उक्त रकम लिए खाएको पुष्टि भएमा निजबाट असुलउपर हुन सक्ने नै देखियो। केवल शंका र अनुमानका भरमा वस्तुनिष्ठ प्रमाणबाट आरोपदावी पुष्टि नभएको अवस्थामा यस सम्बन्धी प्रतिवादीउपरको दावी पुग्ने नदेखिएको<br>-विद्यालयको १०+२ का पार्ट टाइम शिक्षक प्रमानन्द यादव, प्रभुप्रसाद गुप्ता, दिपेश कुमार लाल दास, दिप नारायण यादव, चाँदनीकुमारीको हुने जम्मा रु ६,०५,१५०/- को हकमा आयोगले तलबी भरपाईमा भएको केरमेट र बाली बुझेको भरपाईमा भएको केरमेट र केरमेटका क्रममा लेखिएका अक्षरहरुका सम्बन्धमा छानबिन गरी संलग्न देखिएका व्यक्तिको पहिचान गरी निजहरुको उद्देश्य पत्ता लगाइ सो क्रममा निजहरुको र केरमेट गरिएका विल भरपाईको समेत विधि बिज्ञान प्रयोग शालाबाट परीक्षण गरी ठोसरुपमा आरोपदावी लिनु पर्नेमा हल्का ढङ्गबाट विषयवस्तुको गहिराईमा नपुगी गाम्भिर्यता बोध नगरी अनुसन्धान गरेको देखिएको।<br>-रसिद नं. १०२, १०३ र १०५ को हकमा सुरुमा लेखिएको अक्षर र पछि केरमेट गरी बनाएका अक्षर एक आपसमा मेल नखाइ फरक भई विवादित बनेको। सोही रसिद नं. को हल्का हरियो रंगको पनि पहेलो प्रतिमा नै केरमेट गरी सच्याएको। यी तिनवटै रसिद नं. का भरपाईहरुको बुझिलिनेको दस्तखत प्रतिवादीको दस्तखतसँग मेल नखाइ फरक देखिएको। कामको स्वभाबैले आम्दानी खर्चको श्रेस्ता लेखा शाखामा कार्यरत लेखापाल समेतका कर्मचारीसँग रहने। विद्यालयका तत्कालिन अवस्थामा | **क.** पन्नादेवी कन्या उच्च माध्यमिक विद्यालय, बारा कलैयाको आ.व. ०७२/७३ र ०७३/७४ को बैंक स्टेटमेन्ट र लेखापरिक्षण प्रतिवेदन अनुसार सम्पूर्ण आम्दानी खर्चको विवरण तयार गरी हेर्दा आ.व. ०७३/७४ को आय-व्यय विवरणमा प्रधानाध्यापक सुनरपति कुमारी यादवले रु. ६,०१,२०९/२६ (अक्षरुपी छ लाख एक हजार दुईसय नौ पैसा छब्बीस) बैंक दाखिला नगरी नगद रु ६,०१,२०९/२६ हिनामिना गरेको देखिएको<br>**ख.**१०+२ का पार्ट टाईम शिक्षक प्रमानन्द प्रसाद यादव, प्रभुप्रसाद गुप्ता, दिपेश कुमार लाल दास, दिप नारायण यादव, चाँदनीकुमारी कर्णले अनुसन्धानमाको क्रममा बयान गर्दा र अदालतमा वकपत्र गर्दा २०७२ साल श्रावणदेखि फाल्गुण र २०७३ साल श्रावणदेखि फाल्गुणसम्मको प्रमानन्द प्रसाद यादवले नगद रु १,७३,६००/- , प्रभुप्रसाद गुप्ताले रु ६८,७७५/- , दिपेश कुमार लाल दासले रु १,२६,०००/-, दिप नारायण यादवले रु १,७३,६००/- र चाँदनीकुमारी कर्णले रु ६३,१७५/- नबुझेको तथा बयानको क्रममा आयोगमा देखाइएका ४ (चार) वटा भर्पाईको दस्तखत आफ्नो नभएको, बुझेको रकम भर्पाई पढाएको घण्टीको आधारमा प्रति Period रु १७५/- को दरले कम्प्युटरबाट प्रिन्ट गरेको भर्पाईमा दस्तखत गरी भुक्ने गरेको भनी वकपत्र गरेको। विशेष अदालतले समेत रकम बुझेको भरपाईमा केरमेट गरेको कुरा स्वीकार गरेको।जहाँ प्रधानाध्यापक सुनरपति कुमारी यादवले पहिला खुद पाउने रकममा रकम उल्लेख गरी घण्टी दर रु १७५/- मा खुद पाउने रकम मिल्ने गरी जम्मा घण्टीमा उल्लेख भएको अंक सच्चाइ खुद पाउने रकम सँग मिलाएको स्पष्ट देखिएको।सो तथ्यलाई प्रतिवादी सुनरपति कुमारी यादवले अदालत समक्ष गरेको बयान बाट समेत पुष्टी भएको अवस्थामा १०+२ का पार्ट टाईम शिक्षकहरुलाई कुनै जानकारी नदिई निजहरुले पढाएको घण्टामा उल्लेखित अंकलाई सच्चाई बढी रकम भुक्तानी गरेको तथ्य १०+२ का पार्ट टाइम शिक्षहरुको अनुसन्धानको बयान, अदालतमा उपस्थित भई गरेको बकपत्र तथा प्रतिवादी सुनरपति कुमारी यादवले अदालत समक्ष गरेको बयानको स.ज १५ बाट स्पष्ट देखिएको हुँदा सुनरपति कुमारी यादवले विद्यालयको १०+२ का पार्ट टाइम शिक्षक प्रमानन्द यादव, प्रभुप्रसाद गुप्ता, दिपेश कुमार लाल दास, दिप नारायण यादव, चाँदनी कुमारी कर्णको हुने जम्मा रु ६,०५,१५०/- हिनामिना गरेको पुष्टी भएको।<br>**ग.** सुनरपति कुमारी यादवले लेखापरिक्षणको लागि बुझाएको २०७२ र २०७३ सालको सक्कलै तलबी भर्पाई र २०७२ र २०७३ सालको खेतको कुतवाली बुझेको रसिद भरपाईमा लेखापरीक्षण गरिएको हरियो मसी र लेखापरीक्षकको हस्ताक्षर नभएको देखिँदा सो कागजातको आधारमा लेखापरीक्षण गरेको नदेखिएको। २०७२ र २०७३ सालको +10२ शिक्षकहरुको तलबी भर्पाईमा घण्टीको संख्या र तलबमा केरमेट गरी मिलाइएको।सक्कल तलबी भर्पाईका आधारमा लेखापरीक्षण गरिएको भनिए पनि तलबी भर्पाई र कूतवाली बुझेको भर्पाईमा लेखापरीक्षकको सही र हरियो मसी प्रयोग भएको नदेखिएकोले सक्कल भर्पाईहरुका आधारमा लेखापरिक्षण गरेको देखिदैन।२०७२ र २०७३ सालको तलबी भर्पाईहरुमा शिक्षकहरुले हस्ताक्षर आफ्नो होईन भनि बयानमा उल्लेख गरेकोले निज प्रधानाध्यापकले दोहोरो भर्पाई बनाएको तत्कालीन १०+२ शिक्षकहरु प्रभुप्रसाद गुप्ता, परमानन्द प्रसाद यादव, दिपेशकुमार लाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लेखापाल दिवस थापा रहेका र लेखा कार्य संचालन र लेखाको श्रेस्ता अभिलेखको जिम्मेवारी भएका लेखापाललाई हिनामिना भएको भनिएको रकमका सम्बन्धमा तलबी फारममा केरमेट भएको सम्बन्धमा, धान बालीको भरपाईमा केरमेट भएका सम्बन्धमा बुझि निजको संलग्नता छ, छैन? के कारणले को कसबाट केरमेट भएको हो? भन्ने जस्ता उत्पन्न सान्दर्भिक विषयमा निजको बयान गराई तथ्य खुलाई अनुसन्धानमाछानविन गरी एकीन निष्कर्षमा पुग्न पर्नेमा आयोगले अनुसन्धानको क्रममा आवश्यक ठानेको देखिएन। यि दिवस थापालाई बकपत्रको लागि उपस्थित गराउनु भनी अदालतबाट दुई पटक आदेश हुँदा पनि वादी पक्षबाट सो बमोजिम उपस्थित गराउन सकेको देखिएन। यसरी दावी गरे बमोजिमको विद्यालयको सरकारी रकम हिनामिना गरेको भन्ने दावी पुग्न सक्ने देखिएन।<br>-विद्यालयको शिक्षकहरुको हाजिरी रजिष्टार, तलबी भरपाई र खेतको रकम बुझाएको रसिद भरपाई बिद्यालयको मिति २०७५/१०/२० को पत्रसाथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको मिसिलबाट देखिएको। यसर्थ प्रतिवादीले आरोपदावी बमोजिम कागज नष्ट गरेको अवस्था नदेखिएकोले प्रतिवादी उपरको दफा १२ को आरोपदावी पुग्न सक्ने देखिएन। | दास, दिपनारायण राय यादव, चाँदनी कुमारी कर्ण समेतले गरेको बयान कागजले पुष्टि भएको।<br>**घ.** रसिद नं. १०२, १०३ र १०५ को हकमा सुरुमा लेखिएको अक्षर र पछि केरमेट गरी बनाएका अक्षर एक आपसमा मेल नखाइ फरक भई विवादित बनेको देखिन्छ भनी अदालत समेतले स्वीकार गरेको। प्रधानाध्यापकले कुतबालीको रकम आफैं बुझ्ने गरेको भन्ने व्यहोराको मदन किशोर चौधरी, महादेव प्रसाद चौधरी, श्यामसुन्दर सहनी, जागरित सहनी, फूलेनाप्रसाद चौधरी, तेजनारायण चौधरी समेतको बयानमा कुतबालीको रकम प्रधानाध्यापकलाई बुझाउने गरेको भनेकाले प्रधानाध्यापकले आफ्नो जिम्मामा रहेको कूतवाली वापतको रकम बुझेको भर्पाईमा केरमेट गरी रकमको अंक र अक्षर सच्याएको र सो रसिदको ठेलीसमेत लेखापरीक्षण कार्यका लागि उपलब्ध गराएको नदेखिएकोले बिलमा केरमेट गरी रकम सच्चाई नगद रु २०,११०/- रकम हिनामिना भएको पुष्टी भएको।<br>ङ. अख्तियार दुरुपयोग अनुसन्दान आयोगको कार्यालय हेटौडा मकवानपुरको च.नं. १९४ मिति २०७६/०४/१२ गते कागजात उपलब्ध गराईदिनु हुन भनी श्री पन्नादेवी कन्या माध्यमिक विद्यालयमा पत्राचार गरेकोमा श्री पन्नादेवी कन्या माध्यमिक विद्यालय, कलैयाको पत्र संख्या ०७६/७७, चलानी नं.९१ मिति २०७६/०४/२१ को पत्रानुसार आ.व. ०७२/७३ र ०७३/७४ को लेखा परीक्षण प्रतिवेदन तथा आर्थिक स्रेस्ता लगायतका सम्पूर्ण कागजातहरु तत्कालीन प्रधानाध्यापक सुनरपति कुमारी यादवसँग पटक पटक माग गर्दा हालसम्म पनि विद्यालयमा नबुझाएको भन्ने व्यहोराको पत्रबाट देखिएको भने प्रधानाध्यापक सुनरपति कुमारी यादवको जिम्मामा आ.व. ०७२/७३ र ०७३/७४ को अडिट रिपोर्ट, स्रेस्ताहरु, १०+२ सम्बन्धि सम्पूर्ण कागजातहरु, विभिन्न शैक्षिकसत्रको कक्षा ८, १० को मार्कसिटहरु र लेजरहरु, आ.व. ०७४/७५ को आय-व्यय विवरण, २०७४ को SEE मार्कलेजर, जग्गाको कूत बुझेको भर्पाई, १०+२ आम्दानी विवरण, SEE को T.C. काटेको रसिदको ठेली, आम्दानी खर्चको विवरणको कागजात रहेको भन्ने व्यहोरा समेत लेखी आएको। यसरी निज प्रधानाध्यापकले लेखापरीक्षण गराएको प्रतिवेदन हालसम्म पनि विद्यालयमा पेश नगर्नु र यस आयोगमा समेत पटक पटक कागजात बुझाउँछु भनी कागज गरे तापनि कागजात उपलब्ध नगराई लेखापरीक्षण गरिएका श्रेस्ताहरु समेत नष्ट गर्नुले निजले बदनियतपूर्वक तरिकाले रकम हिनामिना गरेको देखिन्छ। |
| २ | **प्रतिवादीहरु रामप्रसाद न्यौपाने, रेनुका चम्लागाई, मोहनप्रसाद ओली, दलबहादुर खत्री, महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी** | **गलत लिखत समेत तयार गरी भ्रष्टाचार गरेको।** | **प्रतिवादी राम प्रसाद न्यौपानेले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ बमोजिमको कसूर भएको हुँदा सोही दफा ९ बमोजिम सजाय हुन मागदावी लिईएको, **रेनुका चम्लागाईंले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ को कसूरको मतियारको कसूर गरेको देखिएकाले निजलाई सोही | **फैसलाः**<br>**प्रतिवादी रामप्रसाद न्यौपानेलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूर गरेको देंखिदा उक्त कसूरमा सोही दफा बमोजिम कसूरको मात्रा अनुसार तीन (३) महिना कैद र रु २०,०००/-(वीस हजार रुपैया) जरिवाना हुने र अर्का **प्रतिवादी रेनुका चम्लागाईलाई** सोही ऐनको दफा ९ को कसूरको मतियार भइ सोही ऐनको दफा २२ को प्रतिबन्दात्मक बाक्यांश बमोजिम कसूर गरेको देखिँदा सोही दफा बमोजिम तीन (३) महिना कैद र रु २०,०००/-(वीस हजार रुपैया) जरिवाना हुने ठहर्छ। बस्तुनिष्ट प्रमाणको अभावमा प्रतिवादीहरु मोहनप्रसाद ओली, दलबहादुर खत्री, महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई र बालकृष्ण न्यौपानेले आरोपित | क. मोरङ जिल्ला लेटाङ गाविस हाल लेटाङ भोगटेनी नगरपालिका वडा नं. २ बस्ने स्व. हरि प्रसाद चम्लागाईको जेठी श्रीमति रेनुका चम्लागाईसँग मिलेमतो गरी योजनावद्ध रुपमा कोहबरा गा.वि.स झापाका तत्कालीन सचिव रामप्रसाद न्यौपानेले बदनियतले मृत्युदर्ता प्रमाणपत्र र बसाइँसराइ प्रमाणपत्र जारी गरी गलत लिखत तयार गरेको हुँदा निज सचिव राम प्रसाद न्यौपानेलेलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही दफा ९ बमोजिम सजाय भएको र प्रतिवादी रेनुका चम्लागाईंको हकमा आफुले लाभ लिने मनसाय राखी दुइ ठाउँबाट मृत्युदर्ता गराउने, कोहबरा गा.वि.समा बसोबास नै नभएकोमा त्यहाँबाट बसाइँसराइ प्रमाणपत्र जारी गर्न र उक्त प्रमाणपत्रहरू दमक नगरपालिका तथा मालपोत कार्यालयमा समेत निजले पेश गरेको देखिँदा बदनियतपूर्वक गलत लिखत तयार गर्न लगाई लाभ लिई सकेकाले रेनुका चम्लागाईंलाई सोही ऐनको दफा ९ को कसूरको मतियार भइ सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम कसूर गरेको हुँदा सोही दफा बमोजिम सजाय भएको देखिएको।<br>ख. भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) ले सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै बिषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | **बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई र बालकृष्ण न्यौपाने (वि.अ. को मु.नं. ०७६-CR-०३८६), वि.अ. को फैसला मिति २०८०।०३।०४)** | | ऐनको दफा २२ को प्रतिवन्धनात्मक वाक्याँशमा उल्लेख भए बमोजिम सोही ऐन को दफा ९ को बमोजिम कसूर गर्ने व्यक्ति सरह नै सजाय हुन मागदावी लिइएको, **मोहनप्रसाद ओलीले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा मोहनप्रसाद ओलीलाई सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, **दल बहादुर खत्रीले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) को कसूरको मतियारको कसूर गरेको देखिँदा निज दल बहादुर खत्रीलाई सोही ऐनको दफा २२ बमोजिम सजाय हुन, **महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई, बालकृष्ण न्यौपानेले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको हुँदा निजहरू जम्मा ७ जनालाई सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिइएको। | कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०३/०४ गते फैसला भएको देखिएको।<br>*प्रतिवादीहरु रामप्रसाद न्यौपाने र रेनुका चम्लागाईको हकमा आरोप मागदावी बमोजिम कसूर ठह्याई सजाय भएको देखिँदा निजहरुको हकमा पुनरावेदन नगर्ने गरी आयोगबाट निर्णय भएको।*<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरु मोहनप्रसाद ओली, दलबहादुर खत्री, महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई र बालकृष्ण न्यौपानेलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादीहरु मोहनप्रसाद ओली र दलबहादुर खत्रीको हकमा आधिकारिक निकायका आधिकारिक व्यक्तिबाट जारी भएका प्रमाणपत्रहरु उपर शंका गर्नुपर्ने सम्मको अवस्था र स्थिति नदेखिएको, प्रतिवादीहरुको रेणुका चम्लागाईसँग पुर्ण चिनजान र मिलेमतो रहेको भन्ने वादी पक्षबाट जिकिर लिन नसकेको, प्रतिवादीहरुको प्रतिवादी रेणुका चम्लागहाईसँग आर्थिक लाभ लिएर वा प्रभावमा परेर सर्जमिन गराएको भन्ने नदेखिएको, सर्जमिन मुचुल्का गर्दा बदनियत राखी गरेको भन्ने आरोपदावीमा जिकिर लिन नसकेको समेतका आधार कारणबाट प्रतिवादीहरु उपरको आरोपदावी बस्तुनिष्ट स्वतन्त्र भरपर्दो र विश्वासनीय सबुद प्रमाण पुष्टि हुन नसकेको।<br>**ख.** प्रतिवादीहरु महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई, र बालकृष्ण न्यौपानेको हकमा निज प्रतिवादीहरुलाई स्व. हरिप्रसाद चम्लागाईको २ वटा श्रीमती रहेको भन्ने जानकारी हुन सक्ने आधार नदेखिएको, नाता सम्बन्धको मान्छे भन्ने पनि नदेखिएको, सर्जमिनमा बस्नुपर्ने स्थानिय व्यक्तिको कर्तव्य रहेको, मुचुल्कामा बस्ने प्रतिवादीहरुले बदनियतपुर्वक रेणुका चम्लागाईका सौता पट्टिका सन्तानहरु उपर पूर्वाग्राह दुराग्राहि राखि वदनियत चिताई मुचुल्कामा बसी प्रतिवादी रेणुका चम्लागाई र निज तर्फमा सन्तानको मात्र हित हुने गरी व्यहोरा लेखाउनु पर्ने सम्मको अवस्था रहेको भन्ने वादी पक्षले पुष्टि गर्न सकेको नदेखिएको, वस्तुनिष्ट प्रमाणको अभावमा प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर भएको। | राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तो अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिँदा बदि्नयतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतवेदन दिएमा त्यस्तो व्यक्तिलाई सजाय हुने कानूनी व्यवस्था रहेकोछ। मिति २०६६।११।६ मा दमक नगरपालिकाका कार्यालय सहयोगी दल बहादुर खत्री सर्जमिन गर्न एक्लै फिल्डमा गएको, दमक नगरपालिका वडा नं १ बस्ने स्थानीयवासीहरू महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई, बालकृष्ण न्यौपानेले उक्त सर्जमिन मुचुल्कामा जिल्ला झापा कोहबरा-२ मा स्थायी बसोबास गर्ने हरि प्रसाद चम्लागाईंको कालगतीबाट मिति २०६४।४।२१ मा झापा कोहबरामा मृत्यू भएको। मृतकका नाँउमा दमक ६ख हाल दमक -१ मा पर्ने कि.नं. १८४२३ को ज.वि. ०-१-० जग्गा दर्ता कायम रहेको । मृतकका शेष पछि हक तथा सम्पत्ति खाने सबै भन्दा नजिकको हकदारमा एकमात्र विवाहीत श्रीमति रेनुका चम्लागाईं हुन् । पतिको मृत्यू पछि रेनुका चम्लागाईं झापा कोहबरा-२ बाट बसाई सरी दमक -१ मा आएको र दमक-१ मा स्थायी बसोबास छ भन्नेसमेतको व्यहोरा लेखाइदिएको तथा रोहबरमा हस्ताक्षर गर्ने वडासचिव मोहनप्रसाद ओलीले फिल्डमा नगइ कार्यालयमै बसेर हस्ताक्षर गरेको देखिँदा उक्त सर्जमिन मुचुल्कामा लेखाइदिने दमक नगरपालिका वडा नं १ बस्ने स्थानीयवासीहरू महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई, बालकृष्ण न्यौपाने तथा वडासचिव मोहनप्रसाद ओलीले बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई गलत प्रतिवेदन दिएको देखिँदा उक्त कार्यलाई स्पष्ट र द्विविधा रहित रुपमा भ्रष्टाचार निवारण ऐन, २०५९८ को दफा १९(२) ले गरेको कसूरको परिभाषाले समेटेको अवस्थामा प्रतिवादीहरु मोहनप्रसाद ओली, दलबहादुर खत्री, महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई र बालकृष्ण न्यौपानेलाई सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटीपुर्ण एवं बदर योग्य रहेको।<br>ग.कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानून तथा न्यायको मान्य आधारभूत सिद्धान्त हो (मुलुकी अपराध संहिता २०७४ दफा ८, मुलुकी देवानी संहिता, २०७४ दफा ५)।यद्यपि दिनानुदिन नयाँ नयाँ वन्ने कानून, लगातार प्रतिपादित हुने नयाँ नयाँ नजिर, कानूनी सिद्धान्त लगायतबाट दिनानुदिन कानूनले आफ्नो आकार, क्षेत्र व्यापक पार्दै पहुँच बढाई जटिल भै रहेको स्थितिमा कानूनको सहि र यथार्थ ज्ञान कानूनका विशेषज्ञ वा विज्ञ व्यक्तिहरु समेतलाई नहुने।तथापि यस सिद्धान्तले तय गरेको आधारलाइ अवलम्वन नगरिएमा कानूनको शासनको आधार र मान्यताहरुनै समाप्त हुन जाने र कानूनी अराजकता हुन सक्ने भएकोले 'कानूनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई सामान्य व्यक्तिलाई समेत कानूनको ज्ञाता सरह मानेर कडाईका साथ लागु गरिन जरुरी रहेको। यो न्यायिक वाध्यता नै हो भनी (ने.का.प २०६३ भाग ४८ अंक११ निर्णय नं.७७९१ प्रमोद कुमार जलान बिरुद्ध शम्भुनाथ गुप्ता प्रकरण २०) सर्वोच्च अदालतले व्याख्या गरेको अवस्थामा प्रतिवादीहरु मोहनप्रसाद ओली, दलबहादुर खत्री, महानन्द सापकोटा, राजेन्द्र भनिने गिरिराज श्रेष्ठ, चिन्तामणी बुढाथोकी, रमेश भन्ने रोमनाथ दाहाल, लक्ष्मी प्रसाद वस्ताकोटी, टंक प्रसाद बजगाई र बालकृष्ण न्यौपानेले वदनियत चिताई मुचुल्कामा बसी प्रतिवादी रेणुका चम्लागाई र निज तर्फमा सन्तानको मात्र हित हुने गरी व्यहोरा लेखाउनु पर्ने सम्मको अवस्था नरहेको भनी सफाई दिने गरी भएको फैसला सो हद सम्म त्रटिपुर्ण रहेको।<br>घ. भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै देखिएको। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको। |